राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

**२०७७ साल मंसिर २६ गते शुक्रबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ५४औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

**(१). "प्रदेश सरकारको समपुरक र विशेष अनुदान" सम्वन्धमा:**

बागमती प्रदेश सरकारबाट आ.ब. २०७६/७७ मा समपुरक अनुदान तथा विशेष अनुदानबाट प्राप्त रकम मध्येबाट तपसिल बमोजिमका आयोजनाहरु ठेक्का मार्फत सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा कोभीड-१९ को विश्वव्यापी महामारीका कारण २०७७ आसार मसान्त सम्ममा सम्पन्न हुन नसकेको सन्दर्भमा उक्त आयोजनाहरुको म्याद थप हुन बागमती प्रदेश सरकार समक्ष पत्राचार भएकोमा हालसम्म कुनै निर्देशन नभएको एवं संघीय सरकारबाट त्यस्ता प्रकृतिका आयोजनाहरुको म्याद थप गर्न सकिने व्यहोराको परीपत्र भएको हुनाले प्रदेश सरकारबाट प्राप्त रकम अपुग भएमा वा सो श्रोतबाट भुक्तानी गर्न नसकिने भएमा गाउँपालिको कोषबाट भुक्तानी गर्ने गरी उपरोक्त आयोजनाहरुको २०७७ पौष मसान्त भित्र सम्पन्न गर्ने गरी म्याद थप गर्ने ।

तपसिल:

क) बरायोटार निगराङ कालिधाप खानोपानी योजना ।

ख) लुकचुक धिराङ खानेपानी योजना ।

ग) ठाडेचुरी बोटबारी बाङ्गदिराङ खानेपानी योजना ।

घ) दुङ्गु अठारे सडक निर्माण योजना ।

ङ) काङसिराङ्ग लोजा भिरुवास मलेखु धादिङ सडक निर्माण योजना ।

**(२). "बाटो मर्मत सम्भार (सरसफाई) को कार्य" सम्वन्धमा:**

वडा केन्द्रबाट गा.पा.केन्द्र जोडने र गा.पा.भित्रका रणनैतिक कृषि सडकहरुको मर्मत सुधार गर्न यस अघि चारवटा एक्साभेटर भाडामा लिई ठेक्का मार्फत सन्चालन भई रहेकोमा उपरोक्त मर्मत सुधार कार्य प्रभावकारी भई वडा कार्यालयहरुबाट सडक मर्मत सुधारका लागि माग भई आएकोले थप सडकहरुको मर्मत सुधार गर्न रकम नपुग भएकोले थप बजेट व्यवस्था गरी उक्त कार्यलाई निरन्तरता दिन माग भई आएको सम्बन्धमा छलफल गर्दा यस अघि प्रतिष्प्रधात्मक रुपमा प्राप्त दररेट बमोजिमनै कार्य गर्न थप रु. ३० लाख **चैनपुर देवीटार मानेडाडा धिराङ सडक निर्माण** योजना शिर्षकबाट व्यहोर्ने गरी बजेट विनियोजन गर्ने निर्णय गरीयो ।

**(३). "विपद् व्यवस्थापन समितिको बैठकको निर्णय" सम्वन्धमा:**

१. नदीजन्य पदार्थको अभाव भै भुकम्प प्रभावित संरचना पूनर्निर्माण, स्थानीय विकास योजनाहरु सन्चालन कार्यमा अवरोध आएको, परेवाभिर सडक तथा राष्ट्रिय महत्वका विभिन्न पूर्वाधारहरु निर्माण भईरहेको र सो नदीजन्य पदार्थको आपूर्ति व्यवस्था सुलभ हुनका लागि स्थानीय स्तरबाट माग आएको र मनहरी एवम् चुर्लिङ्ग खोला क्षेत्रमा थुप्रीएको नदीजन्य पदार्थको मौज्दातका कारण खोला किनारका बस्ती, खेतियोग्य जमिन एवम् सडक मार्ग समेत नदीजन्य विपद्को जोखिममा परेको परिप्रेक्षमा तपसिल बमोजिमका क्षेत्रहरुमा रहेको नदीजन्य पदार्थहरुको डिपोजिट हटाई विपद् जोखिम व्यवस्थापन गर्न तथा कानुन वमोजिम राजस्व तिरी नदीजन्य पदार्थहरुको आपूर्ति व्यवस्था सहज बनाउनका लागि आवश्यक निर्णय गरिदिन जिल्ला विपद् व्यवस्थापन समितिसमक्ष अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :

१) मनहरी खोलाको

क) बोटबारी क्षेत्र

ख) चैनपुर क्षेत्र

ग) कुत्तासिं क्षेत्र

२) चुर्लिङ्ग खोलाको सरिखेत क्षेत्र

३) लोथर खोलाको खर्कण्डेटार

२. मनहरी खोला किनारमा सन्चालित बालुवा उद्योगहरुले अनधिकृत रुपमा खोलको बहावक्षेत्र समेत ओगटेर नदीजन्य पदार्थहरु थुपार्ने, आफ्नो उद्योग क्षेत्रमा घेराबार नलगाउने जस्ता गतिविधिहरु गरेको भन्ने जनगुनासोहरु आएकाले सो सम्बन्धमा स्थानीय अनुगमन समितिले अनुगमन गरी आवश्यक कारबाहिको प्रकृया अगाडि बढाउने ।

३. गाउँपालिका क्षेत्रको मनहरी खोलाको मार्ग भएर चल्ने मालबाहक ट्रिपर, बस लगायतको अत्याधिक चापले सो मार्गमा अत्याधिक धुलो उडेर प्रदुषण बढेको र खाल्डा खुल्डीको कारणले दुर्घटना हुने जोखिम समेत बढेकाले उक्त मार्ग सुरक्षित



युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

एवम् व्यवस्थित बनाउनुपर्ने देखिएको छ। यसै सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ (ख) अनुसार प्रदुषण व्यवस्थापनको लागि सरसफाई शुल्क वापत प्रति ट्रिप रु. १००/ र सोहि ऐनको दफा ६२ को उपदफा २ (घ) अनुसार सडक मर्मतको लागी सडक सेवा शुल्क वापत प्रति ट्रिप रु. १००/ गरि जम्मा रु. २००/ का दरले शुल्क लगाउने ।

**(४). "अनुदानका शिक्षक" सम्वन्धमा:**

गाउँ शिक्षा समितिको निर्णय समेतका आधारमा गाउँपालिका क्षेत्रभरका शुन्य दरवन्दी भएका तथा न्यून दरवन्दी भएका विद्यालयहरुलाई निरन्तरता दिन तथा वालवालिकाको पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्नको लागि साविक गाविसको अनुदानबाट नियुक्त गरिएका विद्यालयहरुमा संघीय शिक्षा मन्त्रालयसँग दरवन्दी माग गर्ने ।

**(५). "पाठ्यक्रम तथा पाठ्यपुस्तक आगामी शैक्षिक शत्र देखि लागु गर्ने" सम्वन्धमा:**

यस गाउँपालिकाको आयोजना र समुन्नत नेपालको प्राविधिक सहयोगमा निर्माण गरिएको स्थानीय पाठ्यक्रममा आधारीत भएर तैयार गरिएको पाठ्यपुस्तक पाठ्यक्रम निर्माण समितिले पास गरेको पाठ्यक्रम र पाठ्यपुस्तक आगामी शैक्षिक शत्रदेखि लागु गर्ने निर्णय गरीयो ।

**(६). "महिला समूह सञ्चालन कार्यविधि निर्माण गर्ने" सम्वन्धमा:**

"महिला समूह सञ्चालन कार्यविधि, २०७७" लाई स्विकृत गर्ने निर्णय गरीयो ।

**(७). "मानव वेचविखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७ निर्माण गर्ने" सम्वन्धमा:**

"मानव वेचविखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७" लाई स्विकृत गर्ने ।

**(८). "विविध" सम्वन्धमा:**

१) यस गाउँपालिका वडा नं. ५ बस्ने श्री विवेक थिङलाई हेरालु पदमा नियुक्ति गर्ने ।
२) एम.आई.एस.अपरेटर र फिल्ड सहायकहरुको कानुन वमोजिम म्याद थप गर्ने ।
३) राक्सिराङ्ग स्वास्थ्य चौकिलाई १० शैय्याको हस्पिटलमा स्तरोन्नती गर्ने ।
४) १० शैय्याको हस्पिटलको भवन निर्माण गर्न सार्वजनिक खरिद ऐन, नियमवमोजिम डि.पि.आर. तयार गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्वन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

२०७७/०८/२५

ध्रुवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत ।